# स्थानीय राजपत्र


## मेल्लेख गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ९ संख्या ३ मिति २०८२ चैत्र ५ गते**


## भाग १

## मेल्लेख गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

## संवत् २०८२ को ऐन नं ३

## <u>आकस्मिक कोष ऐन, २०८२</u>

**<u>प्रस्तावना:</u>** गाउँपालिका क्षेत्रमा आउन सक्ने अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० मा उल्लिखित आकस्मिक कोषको

मेल्लेख गाउँपालिका

स्थापना र सञ्चालन सम्वन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम मेल्लेख गाउँपालिकाको **"आकस्मिक कोष ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ,

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्यासित कारणबाट सिर्जना भएको विशेष परिस्थिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले मेल्लेख गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "कोष " भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "गाउँ सभा " भन्नाले मेल्लेख गाउँ सभा सम्झनु पर्छ।

३. **कोषको स्थापनाः** गाउँपालिकामा आकस्मिक कोषको नामले एउटा कोष स्थापना गरिनेछ।

४. **आकस्मिक कोषमा जम्मा गरिने रकमः** गाउँपालिकाले स्थानीय सञ्चित कोषबाट आकस्मिक कोषमा पहिलो पटक रु. साठी लाख जम्मा गरिनेछ।

५. **आकस्मिक कोष खर्च गर्न सकिने क्षेत्रहरुः** आकस्मिक कोषको रकम देहायका अप्रत्याशित वा आकस्मिक परिस्थितिहरू सामना गर्न खर्च गर्न सकिनेछ;

(क) प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन

(१) भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, चटयाङ, असिना, जंगली जनावरको आक्रमणबाट हुने क्षति जस्ता प्राकृतिक विपद्का लागि,

(२) महामारीका बेला औषधि, उपचार, राहत तथा स्वास्थ्य सामग्री खरिदका लागि,

(३) आर्थिक रुपमा विपन्न व्यक्तिको आकस्मिक उपचार तथा आकस्मिक प्रेषणका लागि,

(४) अन्य आकस्मिक उद्धार तथा राहत कार्य (खाद्य वितरण, अस्थायी

बासस्थान व्यवस्था आदि)।

(ख) वित्तीय तथा आर्थिक संकट

(१) अत्यावश्यक सार्वजनिक सेवा (जस्तै, खानेपानी, स्वास्थ्य सेवा, विद्युत्, सडक मर्मत) सञ्चालनमा अचानक बजेटको अभाव भएमा,

(२) गाउँपालिकाका आपूर्तिकर्ता भुक्तानी गर्न असहजता उत्पन्न भएमा, र

(३) महँगी नियन्त्रण तथा बजार व्यवस्थापनका लागि आकस्मिक हस्तक्षेप गर्नुपर्ने अवस्थामा।

(ग) कानुनी वा न्यायिक खर्चहरू

(१) गाउँपालिका विरुद्ध दायर मुद्दा समाधानका लागि कानुनी परामर्श खर्च, र

(२) कुनै अदालती निर्णयअनुसार क्षतिपूर्ति वा

मेल्लेख गाउँपालिका

अन्य कानुनी दायित्व पूरा गर्नुपर्ने अवस्थामा।

(घ) अत्यावश्यक पूर्वाधार मर्मत तथा पुनःनिर्माण

(१) आकस्मिक रूपमा पुल, बाटो, विद्यालय, अस्पताल, तथा अन्य सार्वजनिक संरचनामा क्षति पुगेमा, र

(२) आकस्मिक रूपमा ढल तथा खानेपानी व्यवस्थापन आवश्यक परेमा।

(ङ) सुरक्षा सम्बन्धी आकस्मिक खर्च

(१) स्थानीयस्तरमा सार्वजनिक शान्ति तथा सुरक्षामा आकस्मिक संकट उत्पन्न भएमा, र

(२) सार्वजनिक सेवा स्थापनाहरूमा आकस्मिक सुरक्षा उपायहरू लागू गर्नुपर्ने अवस्थामा।

(च) अन्य आकस्मिक परिस्थितिहरूः नेपाल सरकार वा प्रदेश सरकारबाट आकस्मिक रूपमा

अनुदान वा राहत कार्यक्रम सञ्चालन गर्न निर्देशन भएमा।

६. **कार्यविधि बनाउन सक्नेः** गाउँ कार्यपालिकाले दफा ५ मा उल्लेखित बिषयहरुमा कोषको रकम प्रयोग गर्न आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

७. **खर्चको रकम सोधभर्ना गर्नु पर्नेः** कोषबाट खर्च भएको रकम स्थानीय सञ्चित कोषबाट कम्तिमा रु साठी लाख कायम हुने गरी प्रत्येक बर्ष सोधभर्ना गर्नु पर्नेछ।

८. **बाधा अड्काउ फुकाउने अधिकारः** बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

**आज्ञाले**

दिर्घ बहादुर खड्का

नि. प्रमुख प्रशासकीय अधिकृत

मेल्लेख गाउँपालिका